लेटाङ नगरपालिका
नगर कार्यपालिकाको कार्यलय
कोशी प्रदेश लेटाङ मोरङ

प. स. २०८२/८३ मिति २०८२/०९/०३

च. न.

---

४५ दिने (२२५) सिलाई कटाइ सम्वन्धि एड्भान्स तालिम संचालन सम्वन्धि कार्यक्षेत्रगत शर्त (TOR)

१. पृष्ठभूमि :

बर्तमान संविधानले परिकल्पना गरेको स्थानीय सरकारको रुपमा स्थापित नगरपालिकाको समग्र विकासमा आधारित समृद्धसँग जोडिएका तमाम योजनाहरको सफल कार्यन्वयनलाई प्रभावकारी बनाउनु सम्वन्धित सरोकारवालाहरको अहम कर्तव्य भित्र पर्दछ । बर्तमान परिवेशमा स्थानीय सरकार सञ्चालन ऐनले व्यवस्था बमोजिम जनप्रतिनिधि कर्मचारी स्थानीयबासी लगायत सम्वन्धित सरवकारवालाको अन्तर्निहित सीप र क्षमताको थप विकास गर्दै यसको सहि सदुपयोग गर्ने वातावरण विकास गर्नु तथा योजना तर्जमा र कार्यान्वयनमा उनीहरुको सहभागितालाई अभिवृद्धि गर्दौ थप वलियो बनाउनु अनिवार्य भएकव छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले निर्धारण गरेको क्षेत्राधिकारलाई समेट्दै नगरपालिकाको समग्र विकासलाई बलियो भरपर्दो र यथार्थपरक बनाउन सीप विकास सम्वन्धि ब्युटिपार्लर तालिम लिई स्वोरोजगार /रोजगारी सिर्जना गरि महिलाहरुको आर्थिक शसक्तिकरण गर्ने तथा व्यवसाय प्रवर्दन गर्ने उदेश्यका साथ ४५ दिने (२२५)) सिलाई कटाइ सम्वन्धि एड्भान्स तालिम संचालनको लागि यस कार्यक्षेत्रगत शर्त बनाईको हो।

२. कार्यक्रमको उदेश्य :

क) उद्यमशीलता प्रर्वदन गर्नु।

ख) महिलाहरुको आर्थिक सशक्तिकरण गर्नु।

ग) रोजगारी तथा स्वरोजगारी सृजना गर्नु ।

३. सेवा प्रदायको योग्यता कार्यक्षेत्र र गर्नुपर्ने कामहरु :

क) ४५ दिने (२२५घण्टे)सिलाइ कटाइ सम्वन्धि तालिम सञ्चालनको उदेश्य राखी नेपाल सरकारका निकायहरुमा दर्ता भएका फर्म संस्था कम्पनीहरु र चालु आ व को नविकरण/अध्यावधिक गरेको पत्र ।

ख) प्रचलित कानुन अनुसार स्विकृति संबन्धन लिनुपर्ने वियषहरमा संबन्धन हुनुपर्ने । अन्य संबन्धित निकायबाट अनुमति लिनुपर्ने विषयहरुमा सम्बन्धन लिएको।

ग) PAN/VAT मा दर्ता भएको ।

घ) आ व ०८२/८३ सम्मको कर चुक्ताको प्रमाणपत्र भएको।

ङ) नगरपालिकामा सुचिकृत भएको।

४. तालिम प्रदायक संस्थाहरुको तोकिएको उदेश्यहरु हासिल हुने गरि देहाय बमोजिमका अवधिसम्म तालिम संचालन गर्नुपर्नेछ।

क स	तालिम सञ्चालन गर्ने स्थान	तालिमको विषय	प्रशिक्षार्थीको सङ्ख्या	रकम प्रतिव्यक्ति VAT सहित रु	तालिम समुह	तालिम अबधी
१	लेटाङ नगरपालिका क्षेत्र भित्र	सिलाई कटाइ सम्वन्धि एड्भान्स तालिम	२० जना	१००००	१	४५ दिन २२५ घण्टे

- काम सन्तोषजनक नभएमा रकम भुक्तनी दिन कार्यालय बाध्य हुने छैन ।
- प्रस्तावित काम परामर्शदाताले सव-कन्ट्राकमा दिन सक्ने छैन ।
- प्रस्ताव पेश गर्दा झुठा विवरण समावेश गरिएको पाईएमा सोको छानविन गरी प्रस्ताव रदगरिनेछ ।
- प्रस्तावदाताले कार्यक्षेत्रगत शर्तमाल टिप्पणी गर्न पाउने छैन ।

५. सेवा प्रदायक संस्थाको मुख्य जन शक्तिको काम तथा योग्यता

क प्रशिक्षकको योग्यता :

- मान्यता प्राप्त शिक्षण संस्थाबाट ब्युटिसीयन तह १ को सीप परीक्षा उत्तीर्ण र कम्तिमा ३ बर्षको कामको अनुभव भएको।

६. सेवा प्रदायक संस्थासँग प्रस्ताव माग गर्ने र पेश गर्ने सम्वन्धमा:

- प्रस्तावकहरुले आर्थिक प्रस्ताव पेश गर्ने सुचना प्रस्ताव पेश गरि स्वीकृत भएपछि प्रस्तावित कार्यविधि,कार्ययोजना,जनशक्तिको वैयक्तिक विवरण तथा प्रस्तावमा उल्लेखित शैक्षिक योग्यता तथा अनुभवलाई प्रमाणित गर्ने कागजात लगायतका कुराहरु समावेश गर्नुपर्नेछ।
- आर्थिक प्रस्तावको प्रत्यावको प्रत्येक पानामा परामर्शदाता संस्थाको कार्यकारी प्रमुखले सहि गरि संस्थाको छाप लगाएको हुनुपर्नेछ ।

७.आर्थिक प्रस्ताव मुल्याङ्कन आधारहरु:

- तोकिएका न्यूनतम आधार पुगेको र सबैभन्दा न्युन कवोल गर्ने प्रस्तावदाताका प्रस्तावलाई स्वीकृत गरिनेछ।

८. सेवा प्रदायक संस्थाको दायित्य/भूमिका

- तालिम सञ्लनका लागि स्थान तालिम सामाग्री औजार तथा उपकरणहरु आवश्यक्तानुसार व्यवस्था गर्नुपर्नेछ ।
- तालिमका सहभागिहरुलाई दैनिक खाजा तथा अन्य कुराहरुका सम्वन्धमा सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।
- तालिममा सहभागिहरुको न्यूनतम ९० प्रतिशत रुजु हाजिर भएको हुनुपर्ने ।
- तालिम सम्पन्न गरेका प्रशिक्षार्थीहरुलाई प्रमाणपत्र प्रदान गर्नुपर्ने।
- सम्झौता बमोजिम तोकिएको अवधिभित्र कार्य सम्पन्न गरिसकेपछि पनि सम्झौताको म्याद समाप्त भएको दिनबाट थप १ महिनाको दाहित्व अवधि सेवा प्रदायकमा रहनेछ ।
- परामर्शदाताले सञ्चालन गरेको तलिमको सम्वन्धमा कुनै सिकायत प्राप्त भएको पुन:सो तालिम सञ्चालन गर्नपर्नेछ। उक्त कार्यका लागि लाग्ने खर्च तालिम प्रदायिकले नै व्यहोर्नु पर्नेछ।
- तालिम सञ्चालनको क्रममा नेपाल सरकारलाई कुनै कर तथा दायित्व व्यहोर्नु पर्ने भएमा सोको जिम्मेवार सम्बन्धित तालिम प्रदायक स्वमं हुनेछ ।

९.क्षतिपूर्ति तथा हर्जना सम्वन्धि व्यस्था:

सेवा प्रदायकको ढिलासुस्ती वा अन्य कारणले प्रस्ताव तथा पछि सम्पन्न गरिने सम्झौतामा तोकिए सोको जिम्वेवार सम्वन्धित तालिम प्रदायकले नै व्यहोर्नु पर्नेछ ।

१०.अनुगमन सुपरिवेक्षक तथा सिफारिस:

४५ दिने (२२५घण्टे) सिलाइ कटाइ सम्वन्धि एड्भान्स तालिम संचालनका क्रममा बीच बीचमा तालिमको अनुगमन/सुपरिवेक्षण गर्न नगरपालिकाबाट पदाधिकारी/कर्मचारीहरु पनि खटाउन सकिनेछ।

- सेवा प्रदायक फर्म संस्था वा कम्पनीले नगरपालिकाबाट तोकिएको स्थानमा तालिम प्रदान गर्नसपर्नेछ।
- तालिममा संलग्न हुने सहभागिहरु सम्झैतामा उल्लेख भए बमोजिम वा नगरपालिकाले तोके बमोजिम हुनेछ।
- तालिम दिनको ४ घण्टा वा आवश्यक्तानुसार संचालन गर्न सकिनेछ।

११.सेवा प्रदायक संस्थाले उपलब्ध गराउने सूचना तथा अन्य विवरण:

- कार्यक्रम सञ्चालनको क्रममा आईपर्ने समस्याहरु अन्य आवश्यक विषय र परिस्थितिमा सूचना आदान-प्रदान गर्नुपरेमा नगरपालिमा समुपर्क गर्नु पर्नेछ। साथै आर्थिक कारोबार तथा करको सम्वन्धमा नगरपालिकाको आर्थिक प्रशासन शाखामा सम्पर्क गर्नुपर्नेछ ।
- नगरपालिकासँग सम्झैता भए पछि काम शुरु गर्नुपर्ने। साथै सम्पूर्ण तालिम कार्यक्रम सम्झैतामा तोकिएको मिति र समय भित्र सम्पन्न प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ।
- विदा वा बन्द भई समय अपुग हुने अवस्था भएमा अन्य दिन तालिम सञ्चालन गरेर भए पनि तोकिएको कार्य घण्टा पुरा गरेको हुनुपर्नेछ।
- नगरपालिका र सेवा प्रदाय विच सम्पन्न सम्झैताका शर्तहरु बमोजिम तालिम कार्यक्रम आदानप्रदान गर्नुपरेमा नगरपालिकामा सम्पर्क गर्नुपर्नेछ।
- यस TOR सहितको प्रस्तावमा उल्लेख भएका कुराहरुको हकमा सोही बमोजिम सो बाहेक अन्य कुराहरको हकमा नेपाल सरकारको प्रचलित कानून बमोजिम हुनेछ ।

१२. तालिमको विषयवस्तु :

तालिमको विषयवस्तु छनौट गर्दा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद पाठ्यक्रम विकास महाशाखाको सहायक सिलाइ कटाइसम्वन्धि (२२५ घण्टे)को पाठ्य संरचना बमोजिम हुनेछ ।

खर्च शिर्षक

क्र स	खर्च शिर्षक	दर	परिमाण	रकम रु	कैफियत
१	प्रशिक्षक	१५००।	४५	७०,०००।	
२	कच्चा पदार्थ	।		७०,०००।	
३	मेसिन औजार भाडा			२०,०००।	
४	कोठा भाडा			२०,०००।	
५	विवध (उद्घाटन /समापन /प्रमाणपत्र व्यवस्थापन)			२०,०००।	
	जम्मा			२,०००००	